

बाल प्रतिभा प्रस्फूटनका लागि समर्पित

# बाल उद्यान

अर्ध-वार्षिक पत्रिका

वर्षः १४ अंकः १ जुन २०२०



# लू निभा: फोटो प्रोफाइल





# सम्पादकीय


**सल्लाहकार**
नरेन्द्र डंगोल
सन्तराम डंगोल

**सम्पादक**
चिरीकाजी डंगोल

**शुद्धाशुद्धि (नेपाली)**
अर्जुन प्रसाद पौडेल

**सम्पादन सहयोगी**
योगेन्द्र श्रेष्ठ
ज्ञानभक्त महर्जन

**कानुनी सल्लाहकार**
कृष्णगोविन्द महर्जन

**मुद्रण**
पेश क्रियशन

**प्रकाशक**
लू निभाः बालसरोकार समूह
सैंबु १, ललितपुर
पो.ब.नं ८९७५, इ.पी.सी. २१२७
काठमाडौं
फोन नं: ५५९२०५४, ५५९१४२६
फ्याक्स : ५५९१३२९
ईमेलः info@loonivachild.org.np

**प्रकाशन सहयोग**
इन्टरपेडिया, फिनल्याण्ड
फिनल्याण्ड विदेश मन्त्रालय


कोभिड-१९ ले सर्वत्र अनेकन संकट देखिए पनि कतिपय अवस्थामा बालबालिकाहरुलाई एक हिसावले राम्रो भएको पनि देखिन्छ । उनीहरु आफ्नो बुबाआमाको समिप्यमा रहन पाएका छन्, बुबाआमासंग पर्याप्त समय बिताउने बातावरण पाएका छन् र रमाइलो गर्न पनि पाएका छन् । सामान्य हिसाबले सोच्दा यस्तै लाग्छ तर नतिजा अर्कै देखिरहेको छ । UNICEF को March 2020 को प्रतिवेदन अनुसार १३५० जनाले आत्महत्या गरेकोमा ३१९ बालबालिकाहरु रहेको देखाइएको छ । बुबाआमासंग रमाउदै बस्दापनि बालबालिकाहरुले किन आत्महत्या गरे होलान् ? यस प्रश्नले हाम्रा परिवारमा बालबालिकालाई मनोसामाजिक रुपमा बुझ्न सक्षम नभएको वा मनोसामाजिक विकास का लागि बुझ्न नसकेकै हो त भन्ने प्रश्न खडा गरेको अवस्था छ । हाम्रो समाज मनोविज्ञान, पारिवारिक संरचना र प्रवृत्तिमा, बालबालिकाको अवस्था हेरेर केहि कारण पहिल्याउन सकिन्छ ।

- अनुभूति सबैले गर्छन् । चाहे बालबालिकाहरु हुन या वयस्क । सबैमा संवेदनशीलता हुन्छ, अनुभूति गर्ने जस्ता विषयबस्तु हुन्छन् । यी कुराहरु उमेर र परिपक्वता अनुसार फरक हुन सक्छ तर सबैमा यो गुण हुन्छ । परिवारभित्रको वातावरणले बालबालिकाको मनोसामाजिक विकासमा ठूलै भुमिका खेल्छ । यसर्थ परिवारभित्रको द्वन्दमा सबैभन्दा बढि असर बालबालिकाहरुमा नै पर्न गएको हुन्छ र उनीहरुलाई निराश र दुःखी बनाएको हुनसक्छ । यहि कुराहरुलाई उचित रुपमा व्यवस्थापन गर्न नसक्दा बालबालिकाहरुमा मानसिक विचलन आइरहेको एउटा कारण देखिन्छ ।
- कतिपय अवस्थामा कोरोना कै भ्रामक विषयले समाचारहरुमा प्राथमिकता पाइराखेको कारणले गर्दा पनि उनीहरुमा अन्यौलता पैदा गरिरहेको छ । यस्तै नकारात्मक र भ्रमपूर्ण सूचनाहरुकै कारणले पनि उनीहरु चिन्तित र भयभित भएको देखिन्छ ।
- निरन्तर लकडाउनले गर्दा बालबालिकाहरुले आफ्ना साथीभाइहरु भेट्न पाएका छैनन् । कहि कतै घुम्न जान पाएका छैनन् । यसले उनीहरुमा एक्लोपना र निराशाा पैदा गरिरहेको छ । साथीभाईसंग कुराकानी गर्न नपाउदा, घुम्न नपाउदा, खेल्न नपाउदा उनीहरुमा तनाव उत्पन्न भएको हुन सक्छ । यस खाले तनावहरुलाई उचित व्यवस्थापन गर्न नसक्दा पनि गलत निर्णय गर्नसक्ने सम्भावना रहेको हुन्छ ।




कोहि बालबालिकाहरुमा अहिलेको महामारीको कारण गम्भीर मानसिक समस्या आइरहेको हुनसक्छ । त्यस किसिमका बालबालिकाहरुमा निम्नानुसारको व्यवहारहरु देखिन सक्छन् ।

- सुत्न र खानमा समस्या
- डर लाग्दो सपना देख्ने
- अन्तर्मुखि बन्ने र आक्रामक भइरहने
- कुनै कारण बिना पेट वा टाउको दुखेको बहाना गरिराख्ने
- डराउने र एक्लोपन महशुस गर्ने
- खेल खेल्न र अरु कुनै गतिविधिहरुमा चासो नदेखाउने र संलग्न नहुने
- सामान्य भन्दा बढि रोइरहने

यदि यस्तो अवस्था छ भने मनोसामाजिक विमर्शकर्ताको सहयोग चाहिएमा पैसा नलाग्ने निम्न फोन नं. हरुमा सम्पर्क गर्न सक्नु हुन्छ ।

टोल फ्री नं. १६६००१२२३२२ कोशिश नेपाल
१६६००१०२००५ टिपिओ नेपाल
१६६००१८५०८० सिएमसी नेपाल

बालबालिकाहरुले विभिन्न जीवनयापनका सिपहरु आमाबुबाबाट सिकिरहेका हुन्छन् । जीवनोपयोगी सीपहरुले उनीहरुलाई मनोसामाजिक रुपमा परिपक्व बनाउँछ । जीवनका अनुकुलता वा प्रतिकुलता मा कसरी अगाडि बढ्ने भन्ने अभ्यास गराउँछ । त्यसैले बालबालिकाहरुको मार्गदर्शन वा परिवर्तनका लागि आमाबुबाको बानी - व्यवहारले ठूलो भुमिका खेलेको हुन्छ । त्यसो भए आमाबुबाले के गर्ने ?

- अभिभावकहरु तनाव रहेको थाहा पाएमा बालबालिकाहरु बढि डराउने हुँदा अभिभावकहरु शान्त हुनुपर्दछ ।
- कोरोना भाइरस नाक, मुख र आँखाबाट सजिलैसंग छिर्ने हुँदा ती अंगहरुमा हात नधोइकन नछुने र कम्तिमा २० सेकेण्ड साबुन पानीले मिचिमिचि हात धुन सिकाउने ।
- घरको स - साना काममा सहभागि गराउने ।
- आधारभुत व्यायाममा ध्यान दिने र घर भित्रको खेलहरुमा समावेश गराउने
- आफू बाहिर रहेमा समय समयमा भिडियो कल गर्ने ।

हरेक बालबालिकाहरुलाई कष्ट आइपर्नबाट जोगाउनु, जीवन रक्षा गर्नु तथा स्वास्थ्यको रक्षा गर्नु हामी सबैको जिम्मेवारी हुन्छ । विश्वव्यापी मन्दीको समयमा दूरगामी भविष्यका लागि लगानी गर्न हिच्किचाउनु हुन्न । शिक्षा, बाल संरक्षण, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइमा अहिले गरिएको लगानीले हालको महामारी मात्र नभई भविष्यमा आउने संकट र क्षतिको रोकथाम गर्नपनि सघाउने छ । एक दिन संसार पूनः सामान्य अवस्थामा फर्कनेछ र त्यो समय आउनेछ, सबैभन्दा कमजोर स्वास्थ्य प्रणालीको उत्थानशीलताले नै हाम्रो भविष्यमा आउने संकटसंग जुध्न कतिको तयार छौं भनेर इंगित गर्नेछ ।

# विषय-सूची


| विषय | पेज नं. | विषय | पेज नं. |
|---|---|---|---|
| अर्काको घोडा रुङ्न.... (जीवनी) | ५ | चेली पीडा बेदनाको गीत (कविता) | २६ |
| हिम्मत नहारौं (लेख) | ७ | आमा (कविता) | २८ |
| सेरवी (कथा) | ८ | शिक्षा (कविता) | २९ |
| गर्भे शिशुको आवाज (कविता) | ११ | बाल अधिकार (कविता) | ३० |
| थुम्की मेरो नाउँ (कविता) | १२ | कोरोनाले गर्नु सम्म गर्यो (कविता) | ३१ |
| थोमस एल्बा एडिसन (जीवनी) | १३ | बाल अधिकार (कविता) | ३२ |
| अतितका पलहरु :(लेख) | १४ | शिक्षा (कविता) | ३३ |
| मेरो विद्यालय (कविता) | १६ | प्रयोगात्मक शिक्षा....... (लेख) | ३४ |
| मेरो देश (कविता) | १७ | Spot the difference | ३६ |
| हामी पनि (कविता) | १८ | Word Puzzle | ३७ |
| प्यारो देश नेपाल (कविता) | १९ | भेडा बाख्रा हाँसन (कविता) | ३८ |
| कोरोनाको डर (कविता) | २० | How to draw Tiger | ३९ |
| साहसको फल ! (कथा) | २१ | कोरोना भाइरस (कविता) | ४० |
| Art Gallery | २३ | Hidden Picture | ४२ |
| Fill Colors | २४ | चित्रमा सुहाउँदो रंग भर | ४३ |
| कोरोना भाइरस (कविता) | २५ | बाटो पत्ता लगाउ | ४४ |


**प्रकाशित सामग्रीबारे :**

*लू निभा: बाल सरोकार समूहले नियमित प्रकाशित गर्दै आएको अर्ध वार्षिक बालपत्रिका 'बाल उद्यान'मा प्रकाशित लेख रचना तथा सिर्जनाहरु कसैले आफ्नो नाम राखी पठाएमा पठाउने स्वयम् नै जिम्मेवार हुनु पर्ने सूचित गर्दछौं ।*

सम्पादन मण्डल, बाल उद्यान पत्रिका



# अर्काको घोडा रुङ्ने केटो विख्यात नाटकार बने

अङ्ग्रेजी साहित्यका महान् नाटककार शेक्सपियरले आफ्नो बाउन्न बर्षे जीवनकालमा यति धेरै कृतिहरुको रचना गरे । चानचुने स्रष्टाले गर्न नसक्ने अद्‌भूत काम गरेर संसारबाट बिदा भए । उनका सुखान्त, दुखान्त, वियोगान्त र ऐतिहासिक नाटक, अनगिन्ती गीति कविता र चौध हरफे कविताहरुको मात्र हिसाब गर्ने हो भने पनि सैंतिस वटा नाटक लेखेका छन् । त्यति नै धेरै कविताहरु, सांङ्गीतिक कविताहरु चौधहरफे कविताहरु लेखेर विश्व साहित्यलाई अतुलनीय योगदान दिएका छन् । हुन् त आङ्ग्रेजी साहित्यका कतिपय आलोचकहरुले शेक्सपियरले लेखेका कृतिमाथि औंला पनि ठड्याएका छन् । कुनै कलेज र विश्वविद्यालयमा अध्ययन नगरेका शेक्सपियरले बौद्धिक चेतनाले युक्त कृति रचना गर्न सक्तैनन् भनेर शंका पनि गरेका छन् । शेक्सपियरका कृतिहरु शेक्सपियरले नलेखेर बेकन, बेनजोन्सन, लर्ड डर्बी, क्रिष्टोफर मार्लोले लेखेका हुन् भनेर अनुमान पनि गरेको छन् । तर यी कुराहरुमा पनि प्रमाणिक आधार छैन । शेक्सपियरको बिषयमा भएका विवाद र आलोचनाहरु आफ्नो ठाँउमा छन् । तर उनले अङ्ग्रेजी साहित्यमा कायम गरेको कीर्तिमानीलाई आजसम्म कसैले भङ्ग गर्न सकेका छैनन् । शेक्सपियरको जीवनका केही मार्मिक, उल्लेखनीय र प्रेरणदायी प्रसंगहरु छन् ।

उनी यस धर्तीमा सन् १५६४ को अप्रिल २३ तारिखको दिन जन्मेका थिए । बेलायतको मध्य पश्चिममा पर्ने स्ट्रयाटफोर्ड नगरीमा उनको घर थियो । त्यो गाउँ एभन नदीको किनारमा थियो । प्राकृतिक रुपमा असाध्य सुन्दर ठाँउमा उनी जन्मेका थिए । त्यसैले पनि उनको सौन्दर्य चेतना तथा कला चेतना अति प्रखर भएर गएको सहजै अनुमान लगाउन सकिन्छ ।

जन शेक्सपियर र मेरी आर्डनका पुत्रको रुपमा जन्मेका विलियम शेक्सपियरको जीवनका उल्लेखनीय घट्ना के हो भने उनी जुन महिनाको जुन तारिखमा जन्मेका थिए, त्यही महिनाको त्यसै दिन अर्थात सन् १६१६ को अप्रिल २३ तारिखमै धर्तीबाट बिदा भए । उनका पिताको ईलम व्यवसाय विषयमा अनेकौं विवादास्पद भनाइहरु छन् । कसैले उनको पेशा मासु काट्ने थियो भनेर लेखेका छन् भने कसैले खुद्रा व्यापारी थिए भनेर अनुमान गरेका छन् । आजभन्दा साढे चार सय, पाँच सय बर्ष अगाडिको कुरा भएकोले प्रमाणिक लेख्य प्रमाण नभएकोले त्यतिधेरै तथ्यकुराहरु भेटिएको छैन ।

शेक्सपियरको विषयमा एउटा भनाई छ, बुबा गाई काटेर बेच्ने कसाई भएकोले उनले पनि बुबाकै पेशा पछ्याए । उनी काव्य हृदयका व्यक्ति भएकोले बाछाहरुको घिच्रो गिड्ने बेलामा एकचरण कविता पाठ गरेर हतियार चलाउँथे भनिन्छ । बाल्यकालमा यिनलाई प्लेगको महामारीले झण्डै बिताएको थियो । अति सामान्य परिवारको सदस्य भएकोले तत्कालीन ईङ्ल्याण्डका कलेज तथा विश्वविद्यालयमा पढ्ने संयोग मिलेन । स्थानीय ग्रामीण स्कूलबाट प्रारम्भिक शिक्षा पूरा गरी एउटा विद्यालयमा अध्यापन पेशा गर्न थाले । आफूभन्दा आठ वर्ष जेठी यान ह्याथबे नामकी केटीलाई प्रेम विवाह गरेपछि शेक्सपियर स्वास्नी छोडेर भागे, उनी भाग्नुको कारण उनीभित्र काव्य प्रतिभाले फुल्ने फल्ने मौका पाएन ।

यस कुराले उनलाई भित्रभित्रै घायल बनायो । आफ्नो प्रतिभालाई उजागर गर्ने उपयुक्त थलोको खोजीमा उनी राजधानी लण्डन पुगे ।

तत्कालीन समयमा बेलायतमा घुमन्ते नाटकमण्डलीद्धारा गाउँगाउँमा नाटक प्रदर्शन गरिन्थ्यो । उनी कविता र नाटक भनेपछि हुरुक्क हुन्थे । एकदिन उनको गाउँमा पनि यस्तै नाटक देखाउने नाट्यमण्डलीको आगमन भयो । त्यही मण्डलीको साथ लागेर उनी नाट्यजगतमा प्रवेश गरे । सुरुसुरुमा त उनले नाटक हेर्न आउने ठूलाबडा धनाढ्य व्यक्तिहरुका घोडा रूँगेर बस्नुपर्थ्यो रे । पछि नाटकका पर्दा तान्ने काम पाए । विस्तारैविस्तारै उनको अभिनय क्षमता देखेर निर्देशकले उनलाई सा-साना भूमिकामा अभिनय गर्न पनि दियो अभिनय गर्दा गर्दै एकदिन उनी आफैं नाटक लेखेर अभिनय गराउन थाले । उनीभित्रको नाट्यप्रतिभा र खुबी त्यसपछि खुल्न थाल्यो । नाट्य क्षेत्रमा काम गर्दागर्दै धेरै पैसा कमाउन पनि सफल बने । आफ्नै गाउँ फर्केर नयाँ नयाँ घर किनेर बस्न थाले । अरुका घोडाको लगाम समतेर बाहिर कुरी बस्ने केटो बेलायतको विख्यात नाटककार बनेपछि उनको ख्यातीको चर्चा परिचर्चा दिन दुई गुना रात चौगुना फैलिएर गयो । तर विश्व साहित्यको दुर्भाग्य ५२ बर्षको छोटो उमेरमा नै उनी संसारबाट अस्ताए ।

# हिम्मत नहारौं

नोभेल कोरोना भाईरसका कारण लकडाउन भइरहेको पनि लगभग ९० दिन नै पुग्न लागिसकेछ । लाग्दैछ, आजकाल मैले धेरै हारेको छु । केही बिराएको छु र केही हराएको छु जस्तो महसुस भएको छ ।

सायद रोगले गर्दा होला म मात्रै नभई धेरैले नै आफ्ना लक्ष्य र जीन्दगीलाई बायाँ मोडेका छन । सुन्दैछु बुझ्दैछु, आजकाल लकडाउन केही खुकुलो भएको छ रे भन्ने कुरा थाहा पाउँदैछु । झन् लकडाउन खुकुलो भएको कुरा सुन्दा मनमा अनेकौं प्रश्नहरु पौडी खेलिरहन्छ ।

यस्तो लाग्छ कि फेरि कुनै रोगले म लगायत अरु त कोही पर्दैन जस्तो महसुस हुँदैछ । हुन त नेपालमा पनि धेरै खाँउखाँउ लाउँलाउँ भनने उमेरमा आफ्नो ज्यान फाल्न बाध्य भएका छन् । यति मात्र नभई झन आज त धेरै घटनाहरु सुन्दै आईरहेकी छु ।

मौसमका कारण अस्ति भरखँरै पहिरोले घर भत्काएर धेरै ज्यान गुमाएको कुरा सुन्दा त झन त्रसित भएकी छु । जति रोगले हामलाई त्रसित बनाएको छ त्यति नै देशको हालत देखेर अचम्म बनाएको छ । जे जस्तो भएपनि सारा नेपाली तथा विदेशमा बस्नुभएका दाजुभाइ तथा दिदीबहिनीले हिम्मत नहारौं ।



**सुस्मिता बस्नेत**
दक्षिण ललितपुर गिम्दी,
बागमती गाँउपालिका वडा नं. ७
श्री नारायणी मा. वि.

# सेखी



विद्यालयको हरेक खेलमा हरि नै पहिला हुन्थ्यो । ऊ बलियो पनि देखिन्थ्यो । गुरूहरू उसको खुब प्रशंसा गर्नुहुन्थ्यो । ऊ निकै खुसी हुन्थ्यो र गमक्क पर्थ्यो । को बलियो भनेर गुरूहरूले कहिलेकाहीँ उसलाई अरु बलिया साथीहरूसित लडाउनुहुन्थ्यो । ऊ त्यहाँ पनि जित्थ्यो । रामलाई उसले दस पटकसम्म जितेको थियो । श्यामले उसलाई जितेकोजित्यै पार्थ्यो, तर अन्त्यमा हरिकै जित हुन्थ्यो ।

यता आएर हरि निकै बदलिएको थियो । आफ्नो बलमाथि उसलाई घमण्ड चढ्यो । साथीहरूलाई होच्याएर कुरा गर्थ्यो । सबैलाई 'हरूवाहरू' भन्दै हिड्ने गर्थ्यो । यसले गर्दा उसका घनिष्ठ साथीहरू पनि रिसाउन थालेका थिए ।

हरि पढाइमा पनि निकै बदलिएको थियो । उसको घमण्ड बढ्नुको अर्को थप कारण यो पनि थियो । खेलमा अगाडि भएकाले नम्बर अवश्य बढी आउँथ्यो, तापनि पढाइमा कमजोर हुन्छु कि भन्ने डर उसमा थियो । त्यसैले अबेलासम्म धनसारमा बसेर पढ्थ्यो ।

ऊ आज पनि अङ्ग्रेजीको माने घोकिरहेको थियो । एक्कासि तल काँक्रोको झ्याङतिरबाट सऱ्याक्क आवाज आयो । ऊ चनाखो भयो । झ्यालबाट हेऱ्यो । टहटह जून लागिरहेको थियो । जूनको सुकिलो उज्यालोमा माछापुच्छ्रे, अन्नपूर्ण हिमाल झन् रमाइलो देखिएको थियो । काँक्रोको झ्याङमुनि कोही उभिएको थियो । "त्यो कुनै काँक्रोचोर हुनुपर्छ ।"

उसले सोच्यो, "त्यसलाई मैले पक्रिनुपर्छ ।" ऊ हलुङ्गो तालले तल ओर्ल्यो । चोर कुनै केटो थियो । हरि छेकल काटेर चोरलाई समात्ने दाउमा थियो । ऊ चोरलाई समातेर सबैबाट थप स्याबासी लिन चाहन्थ्यो ।



"पख् तँलाई !" उ एक्कासि चोरको सामुन्ने पुग्यो र समात्न खोज्यो तर चोर उसलाई पछारेर फुत्त भाग्यो । उसले चोरलाई समात्न सकेन र हल्ला पनि गर्न सकेन । चोर काँक्रो नलिई भागेको थियो । चोर ऊ भन्दा ठूलो पनि थिएन । उसलाई चुक्चुक् लाग्यो । यो घटना उसले कसैलाई भनेन ।

ऊ बलियो थियो । सबैले उसलाई क्याबात भन्थे । चोरलाई समात्न सकेन । चोरले उसलाई सजिलै पछार्थ्यो र केही नबोली मुख लुकाएर हिँड्थ्यो । काँक्रो पनि नलिइ जान्थ्यो ।

उसलाई लाज लाग्न थाल्यो । गुरूहरूले स्याबासी दिँदा पनि गिज्याएजस्तो लाग्न थाल्यो । ऊ साह्रै ठूलो सोचमा डुब्यो ।

उसले यो कुरा कसैलाई भनेको थिएन । विद्यालयबाट फर्किदा आज क्षितिजलाई नभनिरहन सकेन ।

क्षितिजले भन्यो, "त्यति नाथे कुरामा पनि केको चिन्ता ? तिमीजस्तो बलियालाई ।" उसलाई क्षितिजले गालैमा हिर्काएझैं भयो । क्षितिजलाई पनि कतिपटक पछारेको थियो ।

चोर समात्न भनेर क्षितिज पनि हरिकहाँ नै गयो । दुबै धनसारमा बसेर पढिरहेका थिए । चोर उसैगरी काँक्रोको झ्यालमुनि पुग्यो । हरि र क्षितिज दुबैजना चोरका नजिकै पुगे । अचम्म, चोर हलचल नगरी ठिङ्ग उभिरह्यो ।
हरिले च्याप्प समात्यो ।
"हरि, म चोर होइन ।"
"श्याम !" हरि चकित भयो ।
"श्याम !" क्षितिज दङ्ग पर्यो ।
"म श्याम नै हूँ ।"

"मलाई काँक्रोसाँक्रो चोर्नु छैन । म तिमीलाई मात्र को बलियो छ भनेर देखाउन चाहान्थेँ । विद्यालयमा तिमीलाई जिताउन म हार्ने गर्थें, तर तिमीले मलाई होच्याउन थाल्यौ । तिमीमा घमण्ड चढ्यो अब थाहा पायौं साँच्चै को बलियो रहेछ ? " श्यामले भन्यो ।

"थाहा भयो, श्याम ! थाहा भयो" हरिले भन्यो । क्षितिज मुसुमुसु हाँसिरहेको थियो । तीनै जना हाँस्दैहास्दै धनसारतिर लागे । एकछिनपछि तीनै जना धनसारमा बसेर पढाइका बारेमा छलफल गरिरहेका थिए । जूनको उज्यालोमा हिमालचुली हाँसिरहेको थियो ।



# गर्भे शिशुको आवाज

आमा म पनि यो धर्तीमा, जन्मिन चाहान्छु
तिम्रो जीवनको खुशीसंग मिसिन चाहान्छु
पवित्र तिम्रा गर्भभित्र टुक्राटुक्रा नबनाउ मलाई
गर्दै नगरेको पापको सजाय, बिन्ती गर्छु नदिलाउ मलाई ।।

हो म गर्भभित्र एकै शब्द पनि, बोल्न सक्दिन आज
म माथि भइरहेको अन्यायविरुद्ध लड्न सक्दिन आज
त्यसैले त मेरो लागि, न्यायकर्ता बनिदेउ आमा
पुरा गर्नेछु जन्मेपछि संसार बदल्ने मेरो सपना ।।

बाल बचाउको हक पाए, म छिट्टै आउनेछु हेर
तिम्रो जीवनमा लाखौंलाख, खुशीहरुको बहार बोकेर
राम्रोसँग हेरचाह गरी पालन अनि पढाउनु मलाई
व्यक्तित्व विकासको अवसर दिइ अघि बढाउनु मलाई ।।



पाउनुपर्छ मैले पनि, मेरो बालअधिकार
बन्छु म सभ्य, भद्र, अष्टगामी अनि एक होनहार
जहाँजहाँ अत्याचार हुन्छ, त्यहाँ त्यहाँ पुग्नेछु म
अन्यायका विरुद्ध चर्को, आवाज बुलन्द गर्ने छु म ।।

होटलमा जुठा भाँडा माझ्ने मेरो साथीभाइ
सडकमा अनाथ बनी, रुने सानो बालकलाई
रेष्टुरेन्टमा नाँच्ने गरेको मेरो सहोदर दिदी अनि
बसको ढोकामा ढकढकाउने मेरो परम मित्र पनि ।।

रुनु पर्ने छैन भोलि, निरीह र पीडित बनी
अठोट गर्छु सम्पूर्णलाई दिलाउन छु न्याय भनी
ओईली झर्न नदेउ मलाई, जोगाई राख्नु आमा
परिवर्तनको मिसायल बनी डुल्नुछ दुनियाँमा ।।



**रसिला भुलुन**
कक्षा ९ श्री जनक मा.वि.
बागमती गाँउपालिका वडा नं.७ गिम्दी

# थुम्की मेरो नाउँ

सुन्दर लाग्छ थुम्की मेरो गाँउ
समाजमा परिवर्तन आएको छ मेरो ठाउँ
प्यारो लाग्छ मलाई मेरो थुम्की गाउँ
अरु कहाँ छ  यस्तो ठाउँ
धेरै उकालो पर्यो है गाउँ
त्यसले त प्यारो लाग्छ थुम्की मेरो गाउँ
मलाई त साह्रै राम्रो लाग्छ है यो गाउँ
काठमाण्डौं सहर भन्दा पनि सुन्दर छ ठाउँ
यस गाँउका मान्छे सबै छन है राम्रा
प्यारो लाग्छ कि भने ती सबै हाम्रा
धन्यवाद

**सुस्मिता बस्नेत**
दक्षिण ललितपुर गिम्दी,
बागमती गाँउपालिका वडा नं. ७
श्री नारायणी मा. वि.



# थोमस एल्बा एडिसन



एडिसन एक महान अमेरिकी वैज्ञानिक तथा व्यवसायी पनि थिए । उनलाई विज्ञान सम्राटका उप नामवाट पनि चिनिन्छ । सन् १८७६ मा उनले माईक्रोफोनको आविष्कार गरेर दुनियाँलाई नै चकित पारेका थिए । "मेन्लो पार्कका जादुगर" को नामले प्रख्यात थिए ।

सन् १८९३ मा उनका मूभि प्रोजेक्टरको रचना गरेका थिए । बिजुलीको बल्भको पनि उनले नै आविष्कार गरेका हुन । एडिसनको जन्म एक निर्धन परिवारमा भएको थियो । एडिसन सानो हुँदा  सुनवाईमा समस्या थियो ।

युवा पुस्तामा उनको मन्द बुद्धि भएकाले त्यति पढ्न सकेनन । १२ वर्षको उमेरमा एडिसनले पत्रपत्रिका पनि बेचेका थिए । धेरै बर्ष सम्म उनी टेलीग्राफ अपरेटरको रुपमा विश्वभरि नै घुमिरहे । आफ्नो बचतवाट उनले विशेष किसिमका उल्लेखनीय आविष्कार गर्ने गर्थे ।

**प्रज्जवल जंमकटेल**
कक्षा १०
विद्यालय : श्री पाँच महेन्द्र मा.वि.

# अतितका पलहरु :



मेरो जीवनमा धेरै अतितहरु लुकेका छन् । कुनै सम्झन सक्छु, त कुनै सम्झन सक्दिनँ । ती मध्ये कुनै अतितहरु यस प्रकारका छन् ।

म श्री नारायणी मा.वि. मा पढ्ने छात्रा हुँ । अहिले म कक्षा १० मा पढ्छु । म ०७६ सालको एसईई परीक्षाको प्रतिक्षामा थिएँ । एसईई परीक्षा नजिकिदै थियो । हाम्रो विद्यालयवाट एसईई परीक्षा दिनका लागि प्यूटारको श्री कालीदेवि मा.वि. पुग्नु पर्थ्यो । हामी मात्र नभई अरु विद्यालय समेत गरी ६ वटा विद्यालय त्यहीँ परीक्षा दिन आउनु पर्थ्यो । हामी एसईई परीक्षा दिनका लागि भनेर मिति २०७६ चैत्र ४ गतेका दिन नै घरवाट बिदा भएका थियौं । घरबाट नै गाडी चढ्ने ठाँउ नभएर घरबाट झन्डै १ घण्टा जति ओरालो झरेर दक्षिण ललितपुरको थुम्की वेसी भन्ने ठाँउमा पुग्नु पर्थ्यो ।

म विस्तारै आफ्नो सुन्दर सपना र समृद्धिका लागि निरन्तर अघि बढिरहेकी थिएँ । म समेत मेरो गाउँवाट एसईई परीक्षा दिने ५ जना साथीहरु थिएँ । तर हामी पाँच जना नै फरक फरक बाटोबाट हिडेका थियौं । म पढ्ने विद्यालयबाट एसईई दिने जम्मा २० जना थिए । कोही ललितपुरका थिए । कोही अर्को छिमेकी जिल्ला मकवानपुरका थिए । तर सबै साथीहरुको सपना फरक फरक उद्देश्यका लागि अगाडि बढिरहेका थिए ।

म एउटा दुध बोक्ने गाडीमा प्यूटारतिर लागेँ । म लगायत मेरो साथी सबै जना आ(आफ्नो यात्राको खोजीमा निरन्तर यात्रा गर्दै प्यूटार आइपुगेँ । कोहिकोहि अगाडि पुग्ने साथीहरु गएर घरमा बसिसकेका थिए । बसाइकै क्रममा कोही आफ्नो नातेदारको घरमा बसेका थिए । म पनि मेरै नजिकको नातेदार सानी आमाको घरमा बसेकी थिएँ । म लगायत मेरो कोठामा ४ जना अन्य साथीहरु पनि थियौं । त्यहाँ अरु साथीहरु पनि थिए । हामी २०७६ चैत्र ५ गतेका दिन आ(आफ्ना कोठामा शान्त र अनुशासित भएर पढिरहेका थियौं । समय वित्दै गयो रात पर्यो फेरि पढाइलाई निरन्तर दिइरहेका थियौं । केही समयमा नै एक जना टिच फर नेपालको गणित बिषय पढाउने गुरुले मेरो विद्यालयको एकजना साथीलाई कल गर्नुभयो 'एसईई परीक्षा नहुने भयो' भन्नु भयो । हामी झस्कियौं । केही समयमा नै मेरो सानी आमाले एसईई रद्द भएको जानकारी दिनुभयो । हामी सबै डरायौं र केही समयपछि सबै साथीहरु म बस्ने कोठा अगाडि आइपुगेर आफूले आफूलाई धिक्कार्न थाल्यौं । कोही कोही दिक्दार र अक्क न बक्क भएको अवस्था थियो भने म पनि डराइरहेकी थिएँ । मलाई सबै साथीहरुले सम्झाई रहेका थिए । मैले सम्झिन सकेकी थिइनँ । आँशु र निन्द्रा अनि पेटमा भोक नै थियो । अरु त परै जाओस् र पानी तिर्खा लाग्दा समेत पानी पिउन सकिरहेकी थिइनँ, डरको सिमा नै रहेन । त्यसपछि हामी सुत्यौं र भोलिपल्ट उदाउँदो सूर्यको साथमा घर आउने तयारी गर्‍यौं । धेरै लामो समयसम्म बसको पखाईमा थियौं । बस धेरै ढिला आयो । हामी सबैले त्यही बसमा आउने योजना मिलायौं । तर बसमा मान्छे प्याक भएको कारणले मैले सबै सामान घर ल्याउन सकिनँ । आधा ल्याएँ बाँकी प्यूटारमा नै छोड्नु पर्यो । हामी विस्तारै प्यूटारलाई बाईबाई र जिन्दगीलाई हाईहाई भन्दै आफ्नो गन्तव्यतर्फ फर्क्यौं ।

**सुस्मिता बस्नेत**
दक्षिण ललितपुर गिम्दी,
बागमती गाँउपालिका वडा नं. ७
श्री नारायणी मा.वि.



# मेरो विद्यालय

वरिपरि हरियाली सुन्दर छ मेरो गाउँ
श्री गुमरांङ आधारभूत मेरो विद्यालय हो नाउँ
हाँसिखेली हामी विद्यालय आउने
गुरु गुरुआमाले हामीलाई पढाउने र हाम्रो ज्ञान बढाउने ।।

पढिलेखी हामी ज्ञानी भई पछि देशको विकास गर्छौं
डाक्टर, पाईलट, ईन्जिनियर भई गरिबको सेवा गर्छौं
वरिपरि छ सुन्दर बगैंचा बगैंचामा फूल फूलेको
त्यहाँ धेरै बगैंचा भएर होला मौरी धेरै भुलेको ।।

विद्यालय आउँछौं ज्ञान हामी सिक्छौ
ज्ञान सिकेपछि भोलि आकाश छुन्छौं ।।
विद्यालयको सरसफाई हप्तामा दिनमा गरौं ।।

**भुवन दुलाल**
लालिगुरांस बाल क्बल अध्यक्ष
महांकाल गाँ.पा., ठूलादुर्लुङ






# मेरो देश

महेन्द्र मा.वि. विद्यालय मेरो, एलिस मेरो नाम
सधैं विद्यालय जाने गर्छु पढ्ने लेख्ने काम
जन्म भयो यही देशमा हिमालको काख
डाँफे, मुनाल, कोइली चरी नाच्ने डाँडा पाखा ।।

राम्रो लाग्छ, प्यारो लाग्छ मेरो देश नेपाल
विश्वको अग्लो चुचुरो सगरमाथा हिमाल
कलकल बग्ने झरना अनि हरियाली बन
यस्तो देख्दा गर्व लाग्छ हर्षित हुन्छ मन ।।

घाम छाँया लुकामारी डाँडा वारी पारी
चार जात छत्तिस वर्ण एउटै फूलबारी
साँस्कृतिक सम्पदाको धनी हाम्रो देश
पर्यटकलाई आकर्षित गर्ने परिवेश ।।

गौतम बुद्ध जन्मे यहाँ जनक जन्मे ज्ञानी
यही देशमा जन्म भयो म त भाग्यमानी
अमरसिंह बलभद्रको पाठ पढ्न आउँछु
चिनै राष्ट्रिय विभूतिको गीत संधैं गाउँछु ।।

पूर्खाहरुले जोगाएको देश हाम्रो नेपाल
कति राम्रो लाग्छ मलाई सुन्दर शान्त विशाल
हामीले नै हाम्रो देशलाई माया गर्नु पर्छ
कालापानी लिपुलेक फिर्ता ल्याउनुपर्छ ।।

**एलिसा घिमिरे**
कक्षा : ९
विद्यालय : श्री पाँच महेन्द्र मा.वि.
महांकाल गा.पा., ठूलादुर्लुङ



# हामी पनि

बालबालिका हामी भोलिका कर्णधार हौ ।
सृष्टिको मुहान फुटाएर, देशको विकास गर्ने छौं ॥

समाजका कुरीति, विसङ्गती तोडेर अघि बढ्नेछौं
द्वन्द्व र हिंसाका विरुद्ध, शान्ति र सद्भावले जित्ने छौं ॥

शान्तिको बिगूल फुकेर अन्यायलाई परास्त गर्नेछौं
जनविरोधी मनहरुमा कल्याणको आस्था भर्ने छौं ॥

उठाउनेछौं देशको गरिमा, सारा उर्जा बनाउनेछौं
चार वर्ण छत्तिस जातको साँभ्का फुलबारी, माया र प्रेमले सजाउनेछौं ॥

बालक हामी कोपिला, ओइलाउन दिनुहुँदैन
बालश्रम र शोषणले कस्को मन यो रुँदैन ॥

फूल्न देउ कोपिला, फुलेर सुवास छर्ने छौ
देश विकासमा बालबालिकाको महत्व उजागर गर्ने छौं ॥

समृद्धि र विकासको सपना त्यसै पूरा हुँदैन
सुनिश्चित गरौं बालअधिकार पर्छ यिनलाई उठाउन

**संगीता भुलन**
श्री जनक मा.वि.
ललितपुर, गिम्दी



# प्यारो देश नेपाल

चारैतिर हरियाली सौन्र्दय छ मेरो देश
दौरा सुरुवाल हाम्रो भेष

रोग र भोकले हामीलाई थिचिरहेको छ
छिमेकी राष्ट्रहरुले हाम्रो देशको सिमा मिचिरहेको छ ।

भारतको बोर्डर वर नेपालको हो घेरो
वीर गोर्खालीकी छोरी भन्दा दुःख भाग्छ मेरो ।।

हामीलाई नहेप छरछिमेमी देशले
मान्, सान् र ईज्जत कमाएको छ नेपाली भेषले ।।

विश्व भरिमा उत्कृष्ट परिचित देश नेपाल नै होला
तर वीर गोर्खालीकी छोरी हो भनी कसैले सोध्ला ।।

नेपालमा नै छन् अन्न भण्डार नेपालमा नै छन् कलकारखाना
यसैगरी अघि बढिजाओस् यही मेरो शुभकामना !!!

**सुस्मिता बस्नेत**
दक्षिण ललितपुर गिम्दी,
बागमती गाँउपालिका वडा नं. ७
श्री नारायणी मा. वि.



# कोरोनाको डर




आदरणीय गुरुलाई फेरि नमस्कार
घरमै बसौं आमा, बुबा, दाजु भाइ सबै
घुम्नलाई नजानु है बाहिरी ठाँउमा अहिल्यै ।

लक्षण  देखा नपर्दा नि लाग्ने गर्छ अरे
कोरोनाले गर्दाखेरी लाखौं मान्छे मरे
साबुन पानीले मिचिमिचि हात धुने गरौं ।।

रुघा लाग्ने, ज्वरो आउने यसका लक्षण हुन
यो कुरा दिदीबहिनी दाजुभाइले सुन
बाहिर गइ भेला भइ केही पनि नगर्नु
कोभिड १९ बाट बच्नलाई सावधानी अपनाउनू ।।

हाच्छिउँ गर्दा रुमालले नाक र मुख छोप्ने
कोभिड १९ लाई त्यसै ठाँउमा रोक्ने
घरमै बसी सीप सिकी पढ्ने लेख्ने गरौं
कोरोनालाई भगाउन सबै अघि सरौं ।।

**लक्ष्मी विष्ट**
कक्षा : ८
भुवनेश्वरी मा.वि. मडचिपुर

# साहसको फल !

रातभरि मुसलधारी पानी पर्यो । सुकदेव झ्यालबाट बाहिर हेरिरहेका थिए ।

बिजुली चम्केको मिलिक्क उज्यालोमा उनले केही पनि ठम्याउन सकेनन् । खेतमा रोपाइँ भइसकेको थियो । पाखापखेराबाट छहराहरू बर्सिरहेका थिए ।

पानी नपर्दा किसान आत्तिए, किनभने उनको खेत किनारमै थियो । खोला ठूलो त थिएन । भदौमा भेल आउँदा भने खोला उत्ताउलो हुन्थ्यो । त्यसले नत बगर भन्थ्यो न लहलहाउँदो खेत । त्यसैले उनी सुखसित निदाउन सकिरहेका थिएनन् । उनी बिहानै खेतमा झरे ।

नभन्दै खोलो खेतमा पसेछ । आठ रोपनी खेतलाई दुई भागमा पारेछ । उनलाई साह्रै पीर पर्‍यो । उमेर छँदै आफैं खोलामा उभिएर भएपनि उनी खोला फर्काइछाड्थे । अब त जीउमा त्यत्रो शक्ति पनि थिएन ।

उनी ढुङ्गामा टुक्रुक्क बसेर सोच्न थाले । एकै छिनमा बाउसो र बञ्चरो त्यही राखेर खोलामा पसे । उनका गोडा लग्लग् कामे । उनी मुस्लोमा पुग्न सकेनन् । खोलाले पल्टाउलाझैं गर्‍यो । उनी किनारमै फर्केर उही ढुङ्गामा बसे । एकछिन गम खाए । फेरि उठे । एउटा ढुङ्गो पल्टाउदै खोलाको मुस्लोमा पुर्‍याए । त्यसलाई खोलाले पातपतिङ्गर झैं बगाइदियो । त्यसबाट उनलाई खोलाको बेग थाहा भयो ।





उनी निराश भएर झोक्रिरहे । बस्तुभाउ अघि लगाएर केही केटीहरू आफैंतिर आउदैं गरेको देखे । त्यसबाट उनलाई आज शनिबार हो भन्ने सम्झना भयो । बुढापाका, गाउँलेहरू आउलान् र खोलो फर्काउलान् भन्ने उनको झिनो आशा पनि हरायो । रूँदै असलले भन्यो बित्याँस पारेछ नि काका, खोलाले । अँ बाबै । शुकदेवले लामो सुस्केरा हाले ।

यो त भएन नि , काका । गुरूले थपे ।

बिमल खोलाको छेउमा पुगेर खोलाको निरीक्षण गरी फर्क्यो ।

कमलले नोक्सानी कति भयो भनी अन्दाज गऱ्यो ।

असलले गाँईभैसी छेक्यो ।

शनिवार भएकोले उनीहरू गाँईभैसी चराउन आएका थिए ।

रोपाई भइसकेकोले जहाँतहीँ चरन थिएन । पाखापखेरामा चराउनुपर्थ्यो ।

आज चन्नी खोलाको पाखामा लैजाँदै थिए ।

असल साह्रै असल स्वभावको थियो । उसले भन्यो, काका खोलालाई फर्काइहाल्ने हो भने अझै बिग्रिसकेको छैन ।

सुकदेवले भने, 'त्यो त हो तर कसरी ? खोला तह लगाउन बडो मुश्किल पो हुन्छ असल ।'

केटाहरू त्यहीँ पुगे उनीहरुले त्यहाँको घटना बुझे ।







Bishal Bhulu

# Fill Colors

1 - yellow
2 - pink
3 - purple
4 - lilac
5 - orange
6 - light blue
7 - green
8 - red





# कोरोना भाइरस

सब व्यस्त थिए फुर्सदी कोही थिएनन्
कोरोना भाइरस आयो रे भन्थे हल्ला सुनिन्थ्यो जहाँ
समाचार दिन थाल्यो लाखौं भए संक्रमित
मर्छन् रे भन्थे सबै बुढापाका र दिर्घ रोगबाट पीडित
चिनको वुहान प्रान्तबाट सुरु भएथ्यो पहिले
कुनैपनि देश चोखो राखेन पुग्न लाग्यो सब देश अहिले
लाखौं शस्त्र, अस्त्र, क्षेप्यास्त्र प्रहार त्यो केही लागेन
अमेरिका, चिन, इटली झुकेका छन् दिनदिनै
आज के काम लाग्यो खैं त्यो सम्पत्ति र धन
जसले बस्छ सुरक्षित घरमा त्यो भाग्यशाली जन
सबतिर बन्द लकडाउन खाद्यान्नको अभाव भयो
रोगले भन्दा भोकले मर्ने समस्या पो यहाँ रहयो ।
करोडौंको क्षति भयो अब के के हुन बाँकी रहयो ?
शिक्षा, स्वास्थ्य क्षेत्रमा नसोचेको ठूलो क्षति भयो
चन्द्रमामा बस्ती बसाउने केही लुकेका छन्
शक्तिशाली मुलुकहरु किन झुकेका छन् ?
लाखौं परीक्षण भए तर सब भए पराजित
कसले बनायो कोरोना भाइरसको दबाइ छ कोसित ?
सबको औषधी बन्यो आज यसको किन बनेन ?
विश्वभरि मानवजातिको अस्तित्व अब रहेन सुरक्षित

**भावना दुलाल**
महांकाल– ६ ठूलादुर्लुङ
अनलाईन लेख रचनामा प्रथम स्थान हासिल
गर्न सफल कविता २०७७



# चेली पीडा बेदनाको गीत

१.भन्दैछु म पीडाका कुरा
अझै नारी पीडित छन् विचरा
...........केको यत्रो सजाय पाएछन्

२. मानव सृष्टि दैवको रचना
अझै देशमा घट्दैछन घट्ना
........दानव पनि रैछन् यो देशमा
........सानातिना कानूनमा झुक्याउँछन्
ठूलै बडा मिसिराछन् त्यसमा ।।



३. सयौं दु:ख, कष्टमा झेली
अझै पनि बिष पिउँछिन त्यही चेली
....अझै पनि देशमा शान्ति आउँदैन
...धनी-मानी ठूला र बडालाई
कहिल्यै पनि कानून लाग्दैन ।।

४. संविधान, नियम, कानून लेखे नि
कोही बोल्दैनन मारेकै देखे नि
...नारी रैछिन् आँखाको धुलो त
...नियम-कानून लिखितमा सीमित भो ।।

५. गर्नुपर्ने चेलीको सत्कार
बालिका नै पर्छिन् बलात्कार
...विचारा ! ती बालिकाले के नै थाहा थियो ?
...देशमा यस्तो राक्षस र ब्वाँसोले
बुढा, बालक कोही राखेनन् बाँकी

६. खेल्न भनी निस्केकी नानी
तीनलाई पनि गाह्रो छ जोगिन
...विचरा ती आमा रुँदैछिन्
...त्यसमा चासो कसैले नराख्दा
आमा पनि शिकार हुँदैछिन् ।।

७. ठगी, शोषण गर्न लागिपरेका छन्
तिनका दलाल लाग्या छन् कमाउन
...आज घट्यो अर्कैको घट्ना
...भोलि हाम्लाई पनि पर्न सक्छ
सब चेलीलाई सचेत गरौं जनता ।।
८. दाजुभाइ नि सबैले याद गरौं
न्याय बोल्न कोही पनि नडराऔं
...विचरा ती चेली हाम्री हुन्
....त्यसमा फरक नछुट्याऔं कसैले
समान सयौं आफ्नो अर्को कुन ?

९. कमजोर नियमको विरुद्धमा रहेन
एक रथका दुई पाङ्ग्रा भएर
...हुँदैन थाहा चट्ट बन नबनि
...जस्तो पाप गर्नेछन् पापीले
सरकार फाँसी दिलाउँछ भनी ।।

१०. नारी पीडा हिंसालाई बुझी
सुखै भएन नारीले नरुजी
...बिन्ती, सबले राखौं निगरानी
...अब चासो नदिए कसैले
देशको हालत अझै बिग्रने ।।



नाम: सोनिका तिमल्सिना
कक्षा : सात
विद्यालय : श्री पाँच महेन्द्र मा.वि.
ललितपुर, ठूलादुर्लुङ्ग

# आमा

नौ महिनासम्म पेटमा बोकी जन्म दियौं आमा
यस धर्तीमा हाँस्न, खेल्न, र खाना खान सिकायौं आमा
आमा आमाले नै ज्ञानगुणको कुरा सिकाउँछिन
आफू भोकभोकै भएर पनि बालबच्चालाई खाना खुवाउँछिन ।।

असल सफल बन्नलाई अनुशासन सिकाउँछिन
सयौं दु:ख, कष्ट खादैं ठूलो बनाउँछिन
कोखाई कोखाई भनी आमाले हामीलाई खुवाउँछिन
दश धारा पसिना बगाई सन्तानलाई बचाउँछिन ।।

घर हाम्रो पहिलो पाठशाला हो, ज्ञानी बन्न सिकायौ
धर्तीमा पहिलो पाईला टेकाइदियौ दुधको भार बोकाइदियौ
ताते तोते... भनी मिठो बोली बोल्न सिकाउँछिन
आमाले नै हामीलाई सुमार्गमा हिड्न लगाउँछिन
सन्तानले जति दु:ख, कष्ट दिएपनि सहन्छिन्
सन्तान टाढा गएपनि घरी घरी सम्झन्छिन् ।

**बिजय लोप्चन**
श्री नारायणी मा. वि.
बागमती गाँउपालिका गिम्दी, थुम्की ललितपुर



# शिक्षा

सानैदेखि शिक्षा लिने बानी गरौं
भविष्यमा गएर अरुको भर नपरौं ।।

बोल्न सिकाउँछ शिक्षाले पढ्न सिकाउँछ
भविष्यको उज्यालोलाई यसले देखाउँछ ।।

शिक्षा नै रहेछ हाम्रो ठूलो कुरा
शिक्षाबिना हाम्रो जीवन हुन्छ अपुरा

पढ्ने उमेरमा नखेलौं जुवा र तास
चार–पाँच घण्टा पढे हुन्छ, सबै पास

शिक्षाले नै सयौं थुङ्गा मिलाई मिलाई गाइन्छ
अन्धविश्वासलाई सबैतिरबाट भगाइन्छ ।।

**यसोधा घिमिरे**
दक्षिण ललितपुर



# बाल अधिकार

हामी साना नानीबाबु ज्ञानी बन्नुपर्छ
पढीलेखी सत्विवेकी नामी बन्नुपर्छ ।।

उचित स्वास्थ्य उपचार पोषणयुक्त आहार
पाउनुपर्छ माया, ममता, संरक्षण र स्याहार
गाँउघरमा रचनात्मक काम हुन्छन् धेरै
सहभागी हुन पाउनु अधिकार छ मेरै ।।

जग राम्रो बन्यो भने घर राम्रो बन्छ
व्यक्तित्वको विकास गर्दै जगमगाउने मन छ
यसका लागि बाल अधिकार ग्रहण गर्नुपर्छ
सबका माझ असल बन्ने प्रण गर्नुपर्छ ।



**कुशल दाहाल**
श्री जनक मा.वि.
दक्षिण ललितपुर, गिम्दी



# कोरोनाले गर्नु सम्म गर्यो

नदेखेको नसुनेको कस्तो आयो रोग
कोरोनाले मानिसको लुट्यो सबै थोक ।।
कोरोना भाईरस चाईनाले बनाको हो भन्दैछन्
मानिसहरु कोरोना हट्ने दिन गन्दैछन् ।।
सतर्कतासँग मिलि बसौं भाइरस कहाँबाट पो सर्छ
दुरी कायम अनिर्वाय गरौं कोरोनाको डर छ ।।
आजसम्म कोरोनाको औषधी नै बनेन
विद्यार्थीको विद्यालय जाने बाटो खुलेन ।।
विद्यालय कहिले खुल्छ विद्यार्थीको मन झङ्केला
कोरोना भाईरसको महामारी संसारबाट कहिले फर्केला ।।
लकडाउनको बेला घरमै बसौं सबैलाई अनुरोध छ
विद्यालय कहिले खुल्ने भन, विद्यालयको सोच छ ।।
विदेशबाट दाजुभाइ फर्किए सबै घरमा
परिवारसँग भेट हुन्छ कि भन्ने भरमा ।।
घरमै बसी दूरी कायम गरी कोरोनाको सामना गरौं
कोरोना भाईरसको अन्त्य होस यही कामना गरौं ।।।



**पुजा कुमारी चन्द**
कक्षा : १०
विद्यालय : श्री सरस्वती मा.वि., भात्काँडा, डडेल्धुरा

# बाल अधिकार

बाल अधिकारमा पर्दछ चार ओटा क्षेत्र
बनाऔं हैं साथी बालकलाई नै मित्र
जन्म दिने बाबा आमा, शिक्षा दिने गुरु
ज्ञानी भई विद्यालय जान्छ खुरुखरु
हामी साना बालक भोलि असल बन्नेछौं
सबैजना मिलेर देशको विकास गर्नेछौं
एसियाको तारा भनि चिनिएका बुद्ध
शान्ति सन्देश दिँदै हिँडे रोकिनेछ युद्ध

**करुणा घिमिरे**
दक्षिण ललितपुर
नारायणी मा.वि. गिम्दी



# शिक्षा

शिक्षा नै हो मानवको आर्जन गर्ने सर्वश्रेष्ठ धन
विद्यालयमा आई शिक्षा लिऔं लगाएर तनमन
विद्यालयमा आई शिक्षकसँग लिनेछौं ज्ञान
शिक्षा आर्जन गरौं सबैले लक्ष्य पुरा गर्न ।।

डाक्टर, पाईलट, इञ्जिनियर बन्न चाहिन्छ शिक्षा
शिक्षा नलिएमा जीवन हुन्छ है भद्रगोल
शिक्षा लिने मानिसहरुको राम्रो हुनेछ भविष्य
आज्ञा पालन गर्ने विद्यार्थीको भविष्य हुन्छ राम्रो ।।

क, ख, र ए, बी, सी पढ्ने हो शिक्षाको आधारमा
शिक्षा प्राप्त भएपछि कमाइन्छ देशमा ठूलो नाम
राम्रोसंग शिक्षा लियो भने राम्रो नै पाइन्छ काम
राम्रो काम पाएपछि त राम्रो नै कमाइन्छ दाम ।।

शिक्षा लिने शिक्षाले दिने यही शिक्षक विद्यार्थीको काम
शिक्षाबाट नै पाईन्छ हो जीवन पाल्नलाई दाम
शिक्षाले हटाउँछ देशको कुनाकाप्चाको अन्धकार
शिक्षा लिऔं साथी हो विद्यार्थीले नै देखाऔं चमत्कार ।।

**सुमिरा सुनुवार**
श्री गुमरांग आधारभूत विद्यालय
ठूलादुर्लुङ, ललितपुर



# प्रयोगात्मक शिक्षा आजको आवश्यकता

हटाउ सबले कोर पाठ्यक्रम र घोकन्ते विद्या
दक्ष आत्मनिर्भर बन्न खाँचो छ प्रयोगात्मक शिक्षा खाँचो छ ।



शिक्षा लिने क्रममा आफूले सिकेका ज्ञान, सीप, क्षमता, सिर्जना आदिको प्रयोग गर्दै, अनुभवी सिर्जनशील जनशक्तिको उत्पादन गर्ने शिक्षालाई प्रयोगात्मक शिक्षा भनिन्छ । प्रयोगात्मक शिक्षाले जीवन उपयोगी सीप सिकी त्यसलाई व्यवहारिक रुपमा प्रयोग गर्दै जीवनयापन गर्न सहज बनाउँछ । विकसित राष्ट्रहरुमा पढाइका क्रममा नै विभिन्न सामाग्री जस्तैः डटपेन, टर्च, घडी, क्यालकुलेटर आदि वस्तुको निर्माण गर्ने तरिका सिकी त्यसलाई सहज गुणस्तरीय उत्पादनमुखी बनाएका छन् । जसले जीवन जीउन सहज बनाएको कुरा सबैलाई अवगत नै छ ।

मावनमा जुन प्रतिभा विद्यमान हुन्छ त्यसको प्रकृतिकरण गर्न पनि प्रयोगात्मक शिक्षाको नै आवश्यक पर्दछ । विश्वमा जति पनि विकसित राष्ट्रहरु जस्तै अमेरिका, जापान, चीन आदि देशमा पनि प्रयोगात्मक शिक्षाको नै प्रयोग भएको पाइन्छ । जसले गर्दा यी देशहरु विकासको उच्च विन्दूमा पुग्न सफल भएका छन् ।

हाम्रो देशमा सरकारले प्रयोगात्मक, व्यवहारिक शिक्षाको सट्टा कोरा पाठ्यक्रमको निर्माण गरी बाल आकांक्षा मार्दै आफ्नो इच्छाविपरित अभिभावकहरुको ईच्छा अनुसार सरकारी पाठ्यक्रमको दायरामा रहेर घोकन्ते विद्या लिन विवश छन् । जसको परिणाम देशमा गरिबी, बेरोजगारी, चोरी, डकैती आदि समस्या दिनानुदिन बढ्दै गएको छ । दक्ष, अनुभवी, सिर्जनशील जनशक्ति दिनानुदिन परदेशिएका छन् । देश विकासका लागि आवश्यक दक्ष नागरिक बनाउन खाँचो भएको छ । प्रयोगात्मक शिक्षा आत्मनिर्भरताका लागि आवश्यक छ । तर दक्ष जनशक्ति दिननुदिन परदेशिएपछि त्यसको असर भविष्यमा कस्तो पर्ला ? एकपटक सोचौं त ।

नेपालमा डिग्री, पीएचडी गर्ने कयौं व्यक्तिहरु पनि बेरोजगार छन् । के उनीहरुले प्रयोगात्मक शिक्षा पाएको भए आफ्नै पौरखले जस्तैः पशुपालन, तरकारी खेती मत्स्य पालन आदि व्यवसाय सञ्चालन गरी आर्थिक उपार्जन गर्न सक्थे । नेपालीमा एउटा भनाइ नै छ नि 'देखे सम्झन्छ, सुने बिर्सन्छ र प्रयोग गरे जानिन्छ ।' हो, हामीले विद्यालयदेखि नै प्रयोगात्मक शिक्षा लिने हो भने जीवनयापन गर्न सहज बनाउँछ ।

भारतका पूर्वप्रधानमन्त्री महात्मा गान्धीको भनाई शिक्षाको अगाडि व्यवहारिकता छैन भने अध्ययन गर्नु व्यर्थ छ । हो, शिक्षा लिएर त्यसलाई व्यवहारिक रुपमा प्रस्तुत गर्न सकिएन भने शिक्षा लिनु अर्थहीन हुन्छ । हाम्रो देशमा वार्षिक रुपमा सरकारले गुणस्तरीय शिक्षाका लागि करोडौं रुपैयाँ विनयोजन गर्छ तर 'शिक्षामा लगानी बालुवामा पानी' हालेझैं प्रयोगात्मक र गुणस्तरीय शिक्षाको परिहास भएको छ । यसलाई सुधार गर्नु अति महत्वपूर्ण छ । यसैकुरालाई मध्यनजर गर्दै वि.सं. २०७२ देखि सरकारले हाम्रो विद्यालयमा पनि व्यवसायिक शिक्षा विषयलाई केही हदसम्म पहुँच पुऱ्याउने प्रयास गरेको छ । तर यसको उचित व्यवस्थापन हुन सकेको छैन । नेपालीमा प्रचलित कथन छ, 'धमिराले किताब खान्छ तर ऊ कहिल्यै विद्ववान बन्न सक्दैन ।'

त्यसैले हाम्रो देशका मानिसले शिक्षा त लिएका छन् तर त्यसलाई व्यवहारिक रुपमा प्रयोग गर्न सकरिहेका छैनन् । यहाँ धमिराले किताब खाएजस्तै भएको छ गरिब र बेरोजगारको चपेटामा गुम्सिएका छन् । हातमा शैक्षिक योग्यताको प्रमाणपत्र बोकेर देश विदेश भौतारिरहेको कुरा त सबैलाई अवगत नै छ ।

यस्तो निष्कृय शिक्षाको केही अर्थ छ त ? प्रयोगात्मक शिक्षासँग दौडिरहेका विश्वका जति पनि विकसित राष्ट्रहरुले अत्याधिक अर्थोपार्जन गर्दै राष्ट्रको ढुकटी भरी विकासको उच्च स्थान कायम राख्न सफल भएका छन् । मानवको बौद्धिक विकास, कला, सीप, सिर्जनशीलता आदि विकास गर्न राष्ट्रको स्रोत साधनको अत्याधिक सही तरिकाबाट प्रयोग गर्दै वर्तमान आम मानिसको प्रगतिको बाटोतिर अग्रसर हुनुपर्ने आजको आवश्यकतालाई समेत परिपूर्ति गर्न प्रयोगात्मक शिक्षाको नै आवश्यक पर्दछ ।

यदि हाम्रो देशमा पनि प्रयोगात्मक शिक्षाको प्रयोग भएको भए आईसिटीको प्रयोग गर्दै आवश्यक स्रोत र साधन जुटाई प्रयोगात्मक शिक्षा सिक्ने पाउने हो भने स-साना बालबालिकाले कति छिटो सिक्न सक्थे होलान् ? कति ठाँउमा अवसर पाउँथे होलान् ? यसले गर्दा विद्यार्थी कति ठाँउमा टिक्थे होलान् ?

अन्त्यमा, प्रयोगात्मक शिक्षा आजको आवश्यकता मात्र होईन अनिवार्य भइसकेको छ । विद्यमान गरिबी, बेरोजगारी जस्ता समस्याको समाधान गर्दै दक्ष अनुभवी, आत्मनिर्भरताको जनशक्ति उत्पादन गर्न प्रयोगात्मक शिक्षा नै आजको अपरिहार्य हो ।

**सामना बञ्जारा**
कक्षा : १०
ठेगाना : महाँकाल गा.पा. (६), ठूलादुर्लुगं, ललितपुर



**FIND 5 DIFFERENCES BETWEEN PICTURES**

# Farm Life

## Word Search Puzzle



| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| H | T | R | A | C | T | O | R | J | X | H | A | R | V | E | S | T |
| O | O | Z | N | M | W | E | B | N | P | A | S | T | U | R | E | F |
| R | Z | C | N | L | H | L | I | V | E | S | T | O | C | K | F | R |
| S | C | A | R | E | C | R | O | W | P | B | S | M | N | Q | A | E |
| E | S | P | H | N | A | N | M | O | Q | D | Z | U | L | S | R | S |
| B | P | A | A | A | M | P | R | Q | L | R | N | H | X | N | M | H |
| A | B | I | D | U | Y | C | E | E | M | T | R | O | U | G | H | E |
| R | C | A | P | D | F | L | I | R | O | O | S | T | E | R | O | G |
| N | O | H | R | S | L | F | O | C | A | T | T | L | E | B | U | G |
| R | U | P | O | N | N | E | L | F | U | L | D | R | U | Y | S | S |
| E | N | P | Y | R | C | W | L | S | T | X | H | M | T | T | E | K |
| K | T | S | O | H | E | A | W | H | H | C | P | S | E | C | R | F |
| O | R | C | A | G | F | S | T | L | I | K | T | L | S | P | A | D |
| B | Y | L | R | L | O | P | G | C | G | Y | G | N | H | V | B | K |
| W | H | E | A | T | K | A | J | C | H | I | C | K | E | N | S | M |
| R | M | C | Z | L | R | C | T | L | P | Z | G | P | E | R | S | R |
| V | R | W | M | X | U | R | T | S | S | M | T | R | P | O | E | V |



ALFALFA
BARN CAT
CATTLE
CHICKENS
CHORES
CORN FIELDS
COUNTRY
CROPS
FARMHOUSE
FRESH EGGS
GOATS
HARVEST
HAYLOFT
HORSE BARN
LIVESTOCK
PASTURE
PIGLETS
ROOSTER
SADDLE
SCARECROW
SHEEP
TRACTOR
TROUGH
WHEAT

# भेडा बाख्रा हाँसन

एकादेशमा एउटा केटो थियो । उ जहिले पनि भेडा र बाख्रा चराउन जान्थ्यो । उसले खाजा मकै र भट्मास खाजाको लागि भनेर लैजान्थ्यो । भेडा र बाख्रा चराउँदै भुटेको मकै र भट्मास खान्थ्यो । खाँदाखादै उसले ल्याएको मकै र भट्मासमध्ये एक गेडा भट्मास दुबोको बिचमा खसेछ । उसले भट्मासको गेडो खोज्न थाल्यो तर भेटेन ।

उसले सोचेछ कि यदि मैले यो चौरमा आगो लगाइदिएँ भने भट्मासको गेडा भेटिन्छ । उसले आगो लगाएर भट्मासको गेडो खोज्न थालेछ । आगोले गर्दा भेडा र बाख्रा जलेछन् र उसले हेर्दाखेरि भेडा र बाख्रा हाँसे जस्तो देखेछ । ऊ घर गएछ । घरमा पुग्दा बुबाआमाले भेडा बाख्रा खै भनेर सोधेछन ? । उसले जवाफ दिएछ ‘भटमास गेडी खसत भेडा बाख्रा हाँसन ।’

**सुसल सापकोटा**
गिम्दी



# How to Draw a Tiger



# कोरोना भाइरस

शुरु भो यो चिनियाँ देशबाट
चिनिदैन आउँछ कुन देशबाट (कोरोना)

संसार सबै चकित पर्ने भए
बुढा, बच्चा रोगले मर्ने भए

हे भगवान ! सबलाई भो अचेत
कहाँ हाल्यौ १० अर्ब बजेट

बजेट सबै दु:खी घरघरमा
पुग्या छन् रे सरकारको भरमा

पार्टी पुट्यो लुटेर, जुधेर
अन्त्य गरौं रोग सबै जुटेर ।।

**सुजाता घिमिरे**
कक्षा १०
श्री कालीदेवि मा.वि. प्यूटार, ललितपुर



# Hidden Pictures

*Can you find these things in the big picture?*



# बाल अधिकार

भाद्र २९ गते हाम्रो बाल पर्व पर्दछ
यो पर्वलाई हामी सबैले सफल पार्नुपर्छ २

आजको हामी सानो केटाकेटी भोलि ठूला हुन्छौं
यो देश विकासको जिम्मा हामी काँधमा लिनेछौं २
बाल अधिकार लिनलाई नपरौं है पछि
बाल अधिकार दिन हाम्रो कलमकै मसी २
बालबालिका हामी देशका भावी कर्णधार
सबैबालबालिकाले नै पाउनु पर्छ बाल अधिकार २
हाँस्ने र खेल्ने, पढ्ने र लेख्ने यो हाम्रो उमेर
बालबालिकाले अधिकार लिन नगरौं अबेर

बालशोषण र बाल हिंसा बढेको छ देशमा
कडा नीति बन्नैपर्छ बाल शोषणको केसमा

**स्वस्तिका दहाल**
श्री नारायणी मा.वि.
कक्षा( १० (एसईई)
ललितपुर, गिम्दी



## चित्रमा सुहाउँदो रंग भर




नाम : ............................................................................. कक्षा : ............

विद्यालय : ...............................................

इच्छुक विद्यार्थीहरुले माथिको चित्रमा सहुाउदो रगं भरी नोबेम्बर महिना भित्रमा लू निभा: को कार्यालयमा पठाउनपु पर्नेछ । सहभागीहरु मध्येमा उत्कृष्ट सहभागीहरु पुरस्कृत गरिनेछ । निम्न माध्यामिक तह सम्मका विद्यार्थीहरुले मात्र सहभागी हुन पाउनेछन् ।

## बाटो पत्ता लगाउ




यो बाल उद्यानलाई शिक्षा समयानुकूल र बाल सहभागितामा आफ्नो लेखन कलालाई स्थान दिन हामी सम्पूर्ण भाईबहिनीहरुमा हार्दिक अनुरोध गर्दछौं । साथै शिक्षामा विद्यालय, शिक्षक र अभिभावकको पनि भिन्न मत-अभिमत र सुझाव हुने भएकाले, आगामी अंङ्कमा सम्पूर्ण इच्छुकहरुलाई आफ्नो लेख रचना पठाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं । शिक्षामा विद्यालय, अभिभावक, विद्यार्थी र शिक्षक र शिक्षामा काम गर्ने संस्थाहरुको भूमिका, दायित्व, सुझाव, गुनासोहरु र अनुभवहरु पठाउन हार्दिक अनुरोध छ ।






# Stay HOME

## STAY SAFE

LET'S STOP

## CORONAVIRUS



# PACE Creation

With Financial Support

Ministry for Foreign Affairs of Finland

Interpedia

**Published By:**

**Loo Niva Child Concern Group**

बाल सरोकार समूह लू निभा

Lalitpur Metropolitan City-25, Lalitpur, Nepal
G.P.O 8975, EPC 2127, Kathmandu
Phone: 977-01-5592054/5591426
Email: info@loonivachild.org.np
www.loonivachild.org.np
https://fb.com/loonivachild
www.youtube.com/loonivachild